# सहकारी बजार विकास कार्यक्रम अन्तर्गत प्रारम्भिक सहकारी संस्था छनौटसम्बन्धी कार्यविधि, २०७५

कार्यक्रम कार्यकारी समिति (भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सह-सचिवस्तर) को मिति २०७५।०६।१८ को निर्णयानुसार स्वीकृत

# सहकारी बजार विकास कार्यक्रमअन्तर्गत प्रारम्भिक सहकारी संस्था छनौटसम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना :** नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय (MoLMCPA) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) द्वारा ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन, धादिङ र नुवाकोट जिल्लामा सहकारी बजार विकास कार्यक्रम ( Cooperative Market Development Programme ) सञ्चालन गरिएको छ । यस कार्यक्रमले सम्बन्धित स्थानीय तहमा कृषकहरुले उत्पादन गरेका फलफूल तथा तरकारी सहकारी संस्थामार्फत बजार प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ । कार्यक्रम कार्यान्वयनका लागि स्थानीय स्तरका प्रारम्भिक सहकारी संस्था व्यवस्थित र पारदर्शी विधिबाट छनौट गर्न बान्छनीय भएकोले यस कार्यक्रमको कार्यकारी समिति (मन्त्रालय को सह-सचिवस्तर) को निर्णय बमोजिम **प्रारम्भिक सहकारी संस्था छनौटसम्बन्धी कार्यविधि, २०७५** स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सहकारी बजार विकास कार्यक्रमअन्तर्गत **प्रारम्भिक सहकारी संस्था छनौटसम्बन्धी कार्यविधि, २०७५**" रहेको छ ।

(२) यो कार्यविधि सहकारी बजार विकास कार्यक्रम कार्यान्वयन समितिद्धारा स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रारम्भिक सहकारी संस्था" भन्नाले यस कार्यक्रम सञ्चालनको प्रयोजनका लागि छनौट भएका स्थानीय तहका पकेट क्षेत्रमा यस कार्यक्रमले सहकार्य गर्ने फलफूल तथा तरकारी उत्पादक सहकारी संस्था, कृषि सहकारी संस्था, वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्दछ । यसले यस कार्यविधिको दफा ५ बमोजिम छनौट भएको सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ख)"कार्यक्रम" भन्नाले सहकारी बजार विकास कार्यक्रम (Cooperative Market Development Programme), छोटकरीमा CMDP सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "स्थानीय तह" भन्नाले कार्यक्रम लागु भएका महानगरपालिका वा उपमहानगरपालिका वा नगरपालिका वा गाउँपालिका सम्झनु पर्देछ ।

(ङ) "ऐन" भन्नाले स्थानीय तहले जारी गरेको सहकारीसम्बन्धी ऐनलाई सम्झनु पर्दछ । सो ऐन जारी नभएका स्थानीय तहको हकमा संघीय सरकारद्धारा जारी गरिएको सहकारी ऐन, २०७४ सम्झनु पर्दछ।

Government of Nepal
Ministry of Agriculture, Land Management and Cooperatives
Cooperative Market Development Programme
Kathmandu

(च) "कार्यकारी समिति" भन्नाले यस कार्यक्रम कार्यान्वयनका लागि गठन गरिएको परियोजना कार्यकारी समिति (Project Executive Board- PEB) लाई सम्झनु पर्दछ ।

(छ) "मापदण्ड" भन्नाले यस कार्यविधिको अनुसूची ३ मा उल्लेखित मापदण्डलाई सम्झनु पर्दछ ।

(ज) "मुख्य कारोबार" भन्नाले प्रारम्भिक सहकारी संस्थाले सञ्चालन गरेका व्यावसायीक क्रियाकलापमध्ये कूल वार्षिक कारोवारको कम्तीमा तीस प्रतिशत हिस्सा भएको कारोबारलाई सम्झनु पर्दछ ।

(झ) "विनियम" भन्नाले सम्बन्धित प्रारम्भिक सहकारी संस्थाले बनाएको विनियम सम्झनु पर्दछ ।

(ञ) "सदस्य" भन्नाले प्रारम्भिक सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

(ट) "सहकारी मूल्य" भन्नाले स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, ईमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तरर्राष्ट्रिय मान्यता प्राप्त सहकारीसम्बन्धी मूल्य सम्झनु पर्दछ ।

(ठ) "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्धारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वयत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारीवीच पारस्परिक सहयोग र समूदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारीसम्बन्धी सिद्धान्त सम्झनु पर्दछ ।

(ढ) "पकेट क्षेत्र" भन्नाले यो कार्यक्रम लागु भएका १८ वटा स्थानीय तहमा छनौट गरेका फलफूल तथा तरकारी उत्पादनका ७२ वटा पकेट क्षेत्रलाई सम्झनु पर्दछ । विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

## परिच्छेद- २

## उद्देश्य, छनौट समिति तथा योग्यतासम्बन्धी व्यवस्था

३. **उद्देश्य**: यो कार्यविधिको उद्देश्य देहाय बमोजिमको रहने छ:

(क) सरल तथा पारदर्शी विधिबाट यस कार्यक्रमको प्रयोजनको लागि तोकिएको प्रत्येक पकेट क्षेत्रमा फलफूल तथा तरकारी उत्पादन गर्ने कृषकहरुको एउटा प्रारम्भिक सहकारी संस्था छनौट गर्न स्थानीय तहलाई सहजीकरण गर्ने ।

**४. प्रारम्भिक सहकारी संस्था छनौट तथा सहजीकरण समितिसम्बन्धी व्यवस्था :**

(१) यस कार्यक्रम सञ्चालन हुने प्रत्येक स्थानीय तहमा देहाय बमोजिमका सदस्य रहने गरि एक प्रारम्भिक सहकारी संस्था छनौट तथा सहजीकरण समिति हुनेछ ।

अध्यक्ष : महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका प्रमुख वा गाउँपालिकाका अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको एक जना सदस्य

सदस्य : स्थानीय तहको कृषि शाखा प्रमुख (नभएमा स्थानीय तहले तोकेको व्यक्ति)

सदस्य : स्थानीय तहको सहकारी हेर्ने सम्पर्क व्यक्ति (नभएमा स्थानीय तहले तोकेको व्यक्ति)

सदस्य : जिल्ला सहकारी संघको प्रतिनिधि (सम्भव भए सम्म महिला प्रतिनिधि पठाउने)

सदस्य : जिल्ला फलफूल तथा तरकारी सहकारी संघ प्रतिनिधि (नभएमा जिल्ला कृषि सहकारी संघको प्रतिनिधि)

सदस्य सचिव : प्रमुख प्रशासकिय अधिकृत

यस समितिमा सम्बन्धित पकेट क्षेत्रका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

(२) यस समितिले दफा ५ को उपदफा (३) बमोजिम प्रारम्भिक सहकारी संस्थाको छनौट तथा सोहि दफाको उपदफा (४) र (५) बमोजिम यस कार्यक्रमको प्रयोजनकालागि एक भन्दा बढि प्रारम्भिक सहकारी संस्थाहरुको एकीकरण एवंम नयाँ प्रारम्भिक सहकारीसंस्था गठन गर्न सहजीकरण गर्नेछ ।

(३) सहकारी छनौटसम्बन्धी सम्पूर्ण अधिकार यसै समितिमा रहने छ । उक्त समितिलाई बिना कुनै कारण छनौट प्रक्रिया रद्द गर्ने वा पून: बिज्ञापन गर्ने अधिकार रहने छ ।

## ५. सूचना प्रकाशन तथा सहकारी छनौटसम्बन्धी व्यवस्था :

(१) यो कार्यक्रम सञ्चालन हुने स्थानीय तह तथा पकेट क्षेत्रमा कार्यक्रमसँग साझेदारी गर्ने प्रारम्भिक सहकारी संस्थाको छनौटका लागि सम्बन्धित पकेट क्षेत्रका फलफूल तथा तरकारी उत्पादन गर्ने कृषकहरु रहेका प्रारम्भिक सहकारी संस्थाहरुसँग सम्बन्धित स्थानीय तहले सात (७) दिनको सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ । यो सूचना सम्बन्धित स्थानीय तहले आफनो केन्द्रको कार्यालय, सम्बन्धित पकेट क्षेत्र पर्ने वडा कार्यालयमा टाँस गरि जिल्ला सहकारी संघ, जिल्ला फलफूल तथा तरकारी सहकारी संघ, जिल्ला कृषि सहकारी संघ र यस कार्यक्रमलाई जानकारी गराउनुपर्ने छ । सूचनाको नमुना अनुसूची ४ बमोजिम हुनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रमसँग साझेदारी गर्न चाहने प्रारम्भिक सहकारी संस्थाहरुले अनुसूचि २ बमोजिमका आवश्यक कागजपत्रहरु संलग्न गरि, दिएको म्यादभित्र सम्बन्धित स्थानीय तहको कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ । म्याद नाघि प्राप्त भएको आवेदनलाई छनौट प्रक्रियामा समावेश गरिने छैन । आवेदन दर्तासम्बन्धी प्रक्रिया दफा ४ बमोजिमको समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएका आवेदनहरुको मूल्याङकन दफा ४ बमोजिमको समितिले अनुसूची ३ बमोजिमको मापदण्ड अनुसार गर्नेछ । सो को परिणाम उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको अन्तिम मितिले ७ दिन भित्र गर्नेछ ।

(४) छनौट प्रक्रियामा आवश्यक न्यूनतम अंक प्राप्त गर्ने सहकारी नभएमा समितिले सबैभन्दा बढी अंकभार प्राप्त गर्ने प्रारम्भिक सहकारी संस्थालाई सदस्य विस्तार वा उच्चतम अंक प्राप्त गरेका एक भन्दा बढी सहकारीहरुलाई एकीकरणको आह्वान गर्दै उपदफा (३) वमोजिम सूचना प्रकाशन गर्न सक्नेछ ।

Government of Nepal
Ministry of Agriculture, Land Management and Cooperatives
Cooperative Market Development Programme
Kathmandu

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले यस कार्यक्रमको प्रयोजनका लागि नयाँ प्रारम्भिक सहकारी संस्था गठन गर्न आवश्यक ठानेमा उपदफा ४ बमोजिम कुनै पनि सहकारी छनौट नभएको सूचना जारी गरेर नयाँ प्रारम्भिक सहकारी संस्था गठनका लागि स्थानीय तहलाई सिफारिश तथा सहजीकरण गर्नेछ ।

(६) उपदफा (४) अनुसार प्रारम्भिक सहकारी संस्था एकीकरण तथा सदस्य विस्तार एवंम उपदफा (५) अनुसार नयाँ प्रारम्भिक सहकारी संस्था गठनको प्रकिया प्रचलित ऐन बमोजिम हुनेछ ।

**६. <u>प्रारम्भिक सहकारी संस्थाको सिफारिशसम्बन्धी</u> :**

(१) दफा ५ को उपदफा (३) र (५) बमोजिम छनौट भएका प्रारम्भिक सहकारी संस्थालाई कार्यक्रमसँग साझेदारीका लागि समितिले स्थानीय तह समक्ष सिफारिश गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५ को उपदफा (५) बमोजिम नयाँ सहकारी संस्था गठनसम्बन्धी निर्णय भएमा सो बमोजिम गठन भएको सहकारी संस्थालाई समितिले कार्यक्रमसँग सहकार्यका लागि स्थानीय तह समक्ष सिफारिश गर्नेछ ।

(३) यसरी उपदफा (१) वा उपदफा (२) बमोजिम स्थानीय तह समक्ष सिफारिश भएका प्रारम्भिक सहकारी संस्था पुनः स्थानीय तहले कार्यक्रम समक्ष सिफारिश गर्नेछ । यसरी सिफारिश गर्दा एउटा प्रारम्भिक सहकारी संस्थालाई एउटा पकेट क्षेत्रका लागि मात्र सिफारिश गर्नुपर्ने छ । यदि एउटा प्रारम्भिक सहकारी संस्था एक भन्दा बढि पकेट क्षेत्रका लागि अधिकत्तम अंक प्राप्त गरि योग्य भएको छ भने सो प्रारम्भिक सहकारी संस्थालाई उसको सबभन्दा बढि सदस्य रहेको पकेट क्षेत्रका लागि सहकारी बजारीकरणसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सिफारिश गर्ने र क्रमशः दोश्रो बढि अंक प्राप्त गरेको प्रारम्भिक सहकारी संस्थालाई बाँकि रहेको पकेट क्षेत्रको लागि स्थानीय तह समक्ष सिफारिश गर्ने ।

(४) सिफारिश भएर आएका प्रारम्भिक सहकारी संस्थाले कार्य क्षेत्रगत शर्त (ToR) अनुसूची ५ मा उल्लेख भए बमोजिम कार्य गर्नुपर्नेछ ।

## परिच्छेद - ३

## विविध

**७. <u>संशोधन तथा थपघट</u> :**

कार्यकारी समितिले यो **कार्यविधि** आवश्यक संशोधन, थपघट वा खारेजी गर्न सक्नेछ ।

Government of Nepal
Ministry of Agriculture, Land Management and Cooperatives
Cooperative Market Development Programme
Kathmandu

# अनुसूची १

## कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका स्थानीय तह तथा पकेट क्षेत्र

| जिल्ला | काभ्रेपलाञ्चोक | | |
|---|---|---|---|
| स्थानीय तह | पाँचखाल नगरपालिका | मन्डनदेउपुर नगरपालिका | धुलिखेल नगरपालिका |
| पकेट क्षेत्र | तामाघाट (पाँचखाल वडा नं. ४,७) | महादेवस्थान (कुन्ताबेशी, नौबिसे, केदार बस्ती) | रबी ओपी (देउराली) |
| | वालुवा (पाँचखाल वडा नं. १०, १२) | जैसीथोक (चाखोला, तिमल्सिना गाँउ) | पातलेखेत |
| | तीन पिप्ले (पाँचखाल वडा नं. ६) | बालुवापाटी देउपुर (गैरी गाँउ, रोहिनी, मकैबारी) | बतासे शंखु |
| | तीनकुने (पाँचखाल वडा नं. २,३) | चंडेनी मन्डन (जोगीटार, माइटार) | पकुचा |

| जिल्ला | मकवानपुर | | |
|---|---|---|---|
| स्थानीय तह | थाहा नगरपालिका | मनहरी गाउँपालिका | ईन्द्रसरोवर गाउँपालिका |
| पकेट क्षेत्र | बज्रबाराहि (सरस्वती बजार) | भुल्ट्रींक, पालदमार (मनहरी ३) | फाखेल (वडा नं. ४) |
| | चित्लाङ (बिसिंखेल, नाराहिंटी) | देउकोट (मनहरी ८) | फाखेल (वडा नं. ५) |
| | पालुङ (थाहा वडा नं. ३) | रुपाचुरी फारीबांग (मनहरी ६) | टेकर, सिम्लेफाँट |
| | पालुङ (थाहा वडा नं. १, २) | रजैया, ज्यामिरे (मनहरी ९) | कुलेखानी |

| जिल्ला | चितवन | | |
|---|---|---|---|
| स्थानीय तह | रत्ननगर नगरपालिका | राप्ती नगरपालिका | कालिका नगरपालिका |
| पकेट क्षेत्र | जमुनापुर, बैरीया, जिरौना | भण्डारा (राप्ती ४,५,६) | शक्तिखोर, न्यूरेनी, नयाँटाँडी ( वडा नं. ८,९) |
| | रत्ननगर (वडा नं. १३,१५) | बिरेन्द्रनगर (राप्ती ७,८) | पदमपुर (वडा नं. १) |

# अनुसूची १

## कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका स्थानीय तह तथा पकेट क्षेत्र

| जिल्ला | काभ्रेपलाञ्चोक | | |
|---|---|---|---|
| स्थानीय तह | पाँचखाल नगरपालिका | मन्डनदेउपुर नगरपालिका | धुलिखेल नगरपालिका |
| पकेट क्षेत्र | तामाघाट (पाँचखाल वडा नं. ४,७) | महादेवस्थान (कुन्ताबेशी, नौबिसे, केदार बस्ती) | रबी ओपी (देउराली) |
| | वालुवा (पाँचखाल वडा नं. १०, १२) | जैसीथोक (चाखोला, तिमल्सिना गाँउ) | पातलेखेत |
| | तीन पिप्ले (पाँचखाल वडा नं. ६) | बालुवापाटी देउपुर (गैरी गाँउ, रोहिनी, मकैबारी) | बतासे शंखु |
| | तीनकुने (पाँचखाल वडा नं. २,३) | चंडेनी मन्डन (जोगीटार, माइटार) | पकुचा |

| जिल्ला | मकवानपुर | | |
|---|---|---|---|
| स्थानीय तह | थाहा नगरपालिका | मनहरी गाउँपालिका | ईन्द्रसरोवर गाउँपालिका |
| पकेट क्षेत्र | बज्रबाराहि (सरस्वती बजार) | भुल्द्रीक, पालदमार (मनहरी ३) | फाखेल (वडा नं. ४) |
| | चित्लाङ (बिसिंखेल, नाराहिंटी) | देउकोट (मनहरी ८) | फाखेल (वडा नं. ५) |
| | पालुङ (थाहा वडा नं. ३) | रुपाचुरी फारीबांग (मनहरी ६) | टेकर, सिम्लेफाँट |
| | पालुङ (थाहा वडा नं. १, २) | रजैया, ज्यामिरे (मनहरी ९) | कुलेखानी |

| जिल्ला | ीचतवन | | |
|---|---|---|---|
| स्थानीय तह | रत्ननगर नगरपालिका | राप्ती नगरपालिका | कालिका नगरपालिका |
| पकेट क्षेत्र | जमुनापुर, बैरीया, जिरौना | भण्डारा (राप्ती ४,५,६) | शक्तिखोर, न्यूरेनी, नयाँटाँडी ( वडा नं. ८,९) |
| | रत्ननगर (वडा नं. १३,१५) | बिरेन्द्रनगर (राप्ती ७,८) | पदमपुर (वडा नं. १) |

Cooperative Market Development Programme
Kathmandu

| | | | |
|---|---|---|---|
| | पिठुवा (रत्ननगर वडा नं. १४,१६) | पिप्ले (राप्ती १) | खोलेसिमल |
| | माधवपुर | थाकलटार, कोराक (११,१२ तथा १३) | सिद्दी (वडा नं. १०,११) |

| **जिल्ला** | **धादिङ** | | |
|---|---|---|---|
| **स्थानीय तह** | **बेनीघाट रोराङ गाउँपालिका** | **धुनीबेशी नगरपालिका** | **गजुरी गाउँपालिका** |
| **पकेट क्षेत्र** | धुसा (वडा नं. ६, ७, ८) | धार्के (वडा नं. ६) | छबीसे (वडा नं. ५) |
| | बिशालटार | खानीखोला (वडा नं. ७, ८) | जोगीटार, मिलनटार (वडा नं. ६) |
| | मझिमटार (वडा नं. ९) | जीवनपुर (वडा नं. ५) | गलौंदी (वडा नं. १) |
| | टल्टी | छत्रे देउराली (वडा नं. २) | किरानचोक (वडा नं. ७, ८) |

| **जिल्ला** | **नुवाकोट** | | |
|---|---|---|---|
| **स्थानीय तह** | **बेल्कोटगढी नगरपालिका** | **ककनी गाउँपालिका** | **शिवपुरी गाउँपालिका** |
| **पकेट क्षेत्र** | मदानपुर | ओखरपौवा (वडा नं. १,२) | थानापती (वडा नं. ८) |
| | बेल्कोट | ककनी (वडा नं. ४) | समुद्रादेवी (वडा नं. ६) |
| | रातमाटे, दुई पिपल, जिलिङ्ग | चतुराले (वडा नं. ७) | सुनखानी (वडा नं. ७) |
| | कुमारी | चाउथे (वडा नं. ३) | महाकाली (वडा नं. ५) |

| **जिल्ला** | **ललितपुर** | | |
|---|---|---|---|
| **स्थानीय तह** | **महांकाल गाउँपालिका** | **गोदावरी नगरपालिका** | **बागमती गाउँपालिका** |
| **पकेट क्षेत्र** | गोटीखेल (दुग्गुखोला) | चापागाँउ (वडा नं. १०, ११) | घुसेल - मानेगाँउ, माकलडाँडा) |
| | मनीखेल (वडा नं. २) | गोदावरी | भट्टे डाँडा (भैंसे, सातकन्या, झाँक्रेडाँडा) |
| | चन्दनपुर (वडा नं. ५) | छम्पी | इकुडोल |
| | ठूलादुर्लुङ | देवीचौर | प्यूटार |

# अनुसूची-२

## २. आवेदन पेश गर्ने सहकारी संस्थाको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :

**(१) न्युतत्तम योग्यता : कार्यक्रमसँग सहकार्य गर्न प्रारम्भिक सहकारी संस्थाको देहाय बमोजिमका योग्यता हुनुपर्नेछ :**

- सम्बन्धित निकायमा सहकारी दर्ता भएको,
- नियमितरुपमा साधारण सभा भएको,
- प्रारम्भिक सहकारी संस्थाको मूख्य कारोबार कृषि वा फलफूल तथा तरकारी उत्पादन र बजारीकरण भएको,
- पछिल्लो आ.व. को आय व्ययको लेखापरिक्षण भएको,
- प्रारम्भिक सहकारी संस्था मुल्य अभिवृद्धि करमा दर्ता भएको वा स्थायी लेखा नम्बर लिएको,
- पछिल्लो आ.व को कर बुझाएको हुनुपर्ने वा कर छुट भएको भए सम्बन्धित कार्यालयको कर छुटसम्बन्धी प्रमाणपत्र भएको,
- प्रचलित ऐन कानुन बमोजिम कालो सूचीमा नपरेको,
- सम्बन्धित फलफूल तथा तरकारी पकेट क्षेत्रका संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रतिबद्धता

**(२) आवेदन साथ  देहाय बमोजिमको कागजपत्र पेश गर्नुपर्ने छ :**

- सहकारी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- पछिल्लो आ.व को साधारण सभाको निर्णयको प्रतिलिपि वा १ वर्ष पुरा नभएको प्रारम्भिक सहकारी संस्थाको हकमा प्रारम्भिक साधारण सभाको निर्णयको प्रतिलिपि,
- प्रारम्भिक सहकारी संस्थाको विनियमको प्रतिलिपि,
- पछिल्लो आ.व को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि, र १ वर्ष पुरा नभएको प्रारम्भिक सहकारी संस्थाको हकमा गत महिनाको मासिक वित्तिय प्रतिवेदनका साथै ऋण लिएका सदस्यहरुको विवरण,
- प्रारम्भिक सहकारी संस्था मुल्य अभिवृद्धि करमा दर्ता भएको वा स्थायी लेखा नम्बर लिएको भए सो को प्रमाणपत्र,
- पछिल्लो आ.व को कर बुझाएको रसिद वा कर छुट भएको भए सम्बन्धित कार्यालयको कर छुटसम्बन्धी प्रमाणपत्र,
- प्रारम्भिक सहकारी संस्थामा रहेका कृषक सदस्यहरुको संख्या (लैंगिक तथा समाजिक समावेशी विवरण समेत खुलेको),

- प्रारम्भिक सहकारी संस्थामा रहेका कुल सदस्यको संख्या (लैंगिक तथा समाजिक समावेशी संख्या विवरण खुलेको ),
- सहकारीमा कार्यरत कर्मचारीको विवरण (पद, काम, लैंगिक तथा समाजिक समावेशी विवरण खुलेको),
- विभिन्न समितिको पद सहितको नामावली (संचालक समिति, लेखा सुपरिवेक्षण समिति),
- सञ्चालक समितिको गत आ.व.को सम्पुर्ण बैठक प्रतिलिपि,
- प्रारम्भिक सहकारी संस्थाको व्यावसायीक योजना वा बजार योजना भए त्यसको प्रतिलिपि वा योजनाको सारांश विवरण,
- सदस्य केन्द्रित भई मात्र कारोवार गरेको स्वघोषणा पत्र,
- आर्थिक तथा प्रशासनिक नियमावलीको प्रतिलिपि,
- लेखा सुपरिवेक्षण समिति गठन भएको बैठक निर्णय तथा समितिको प्रतिवेदन प्रतिलिपि,
- सहकारीमार्फत सदस्यहरुलाई कृषि तथा सहकारीको क्षेत्रमा विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको सूचि,
- पूर्वाधार निर्माण (संकलन केन्द्र, सिचाँई, मेशिन औजार, बजार सञ्चालन आदि ) मा प्रारम्भिक सहकारी संस्थाको लागत साझेदारी प्रतिबद्धता पत्र (कम्तिमा ३० प्रतिशत)। यसरी प्रतिवद्धता जनाउदा सबभन्दा बढी साझेदारी जनाउने प्रारम्भिक सहकारी संस्थालाई प्राथमिकता दिइने छ,
- विभिन्न फलफूल तथा तरकारी बजार (कालिमाटी, बालाजु, चितवन, बल्खु, पोखरा वा अन्य कुनै स्थान) मा उत्पादनको बजारीकरण गरेको भए सो बजारसँगको सम्झौता पत्र,
- फलफूल तथा तरकारी प्रवर्द्धन तथा बजारीकरणका लागी अन्य परियोजनासँग सहकार्य गरेका भए सोको सम्झौता पत्र,
- फलफूल तथा तरकारी उत्पादन संकलन केन्द्र निर्माण गर्न सहकारीसँग जग्गा भए लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सो को प्रतिलिपि वा जग्गा भाडामा नलिएको भए कार्यक्रम प्रयोजनका लागि जग्गा भाडामा लिन सक्ने सम्भावनाको प्रतिबद्धता पत्र,
- सम्बन्धित फलफूल तथा तरकारी पकेट क्षेत्रका संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रतिबद्धता पत्र,
- कार्यालय सञ्चालनका लागि सहकारी संस्थासँग भएको श्रोत साधनको सूचि जस्तै कार्यालय कोठा, कम्प्युटर, प्रिन्टर, मोटरसाईकल, आदि ।
- पछिल्लो आ.व को सार्वजनिक परिक्षण वा सामाजिक परिक्षणको प्रतिलिपि,
- सहकारीको कार्यालय खुलेको कागजात

**नोट : माथि उल्लेखित कागजपत्रहरुको आधारमा छनौट समितिले प्रारम्भिक सहकारी संस्थाको मुल्याङ्कन गर्नेछ ।**

Government of Nepal
Ministry of Agriculture Land Management and Cooperatives
Cooperative Market Development Programme
Kathmandu

# अनुसूची -३

## दफा ५ बमोजिम प्रारम्भिक सहकारी संस्था छनौटका मापदण्ड

| क्र.सं. | सूचक | कूल अंक | प्रारम्भिक सहकारी संस्थाले प्राप्त गरेको अंक | कैफियत |
|---|---|---|---|---|
| १. | **सहकारीमा कृषक सदस्यहरुको संख्या-** | **१५** | | |
| १.१ | प्रत्येक कृषक सदस्य बराबर ०.०७५ का दरले बढिमा १५ अंकमात्र | | | |
| २. | **आर्थिक तथा व्यवस्थापन पक्ष** | **२५** | | |
| २.१ | कम्तिमा वर्षको चार पटक सन्चालक समितिको बैठक (एक बैठक बराबर ०.५ का दरले बढीमा ) - २ अंक | | | |
| २.२ | व्यवसायीक योजना भएको - ३ अंक | | | |
| २.३ | सहकारी सदस्य केन्द्रित भई कारोबार गरेको - ४ अंक | | | |
| २.४ | पछिल्लो आ.व मा सार्वजनिक वा सामाजिक परिक्षण - २ अंक | | | |
| २.५ | सहकारीमा भाका नाघेको ऋण ५ प्रतिशत भन्दा कम रहेको -४ अंक | | | |
| २.६ | मुख्य कारोवारको हकमा कम्तिमा ३० प्रतिशत -४ अंक | | | |
| २.७ | सहकारीको आर्थिक तथा प्रशासनिक नियमावली/आन्तरिक कार्यविधि भएको- ४अंक | | | |
| २.८ | सहकारीको लेखा सुपरिवेक्षण समितिबाट सुपरिवेक्षण भएको -२ अंक | | | |
| **३.** | **सहकारीमार्फत सदस्यहरुलाई विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको** | **५** | | |
| ३.१ | कृषि व्यवसायीकरण क्षेत्रमा- २.५ अंक | | | |
| ३.२ | सहकारीको व्यवस्थापन क्षेत्रमा- २.५ अंक | | | |
| **४.** | **पूर्वाधार निर्माण (संकलन केन्द्र, सिचाँई, मेशिन औजार, ढुवानी सेवा र बजार सञ्चालन) मा लागत साझेदारी प्रतिबद्धता** | **१५** | | |
| ४.१ | ३० देखि ३९ प्रतिशत- ७ अंक | | | |
| ४.२ | ४० देखि ४९ प्रतिशत- १२ अंक | | | |
| ४.३ | ५० देखि ५९ प्रतिशत-१५ अंक | | | |

Government of Nepal
Ministry of Agriculture, Land Management and Cooperatives
Cooperative Market Development Programme
Kathmandu

| | | | | |
|---|---|---|---|---|
| **५.** | **विभिन्न बजार केन्द्रसँग पहिले देखि पहुँच भएको जस्तै कालिमाटी, बालाजु, चितवन र पोखरा तथा अन्यमा** | **५** | | |
| **६** | **फलफूल तथा तरकारी प्रर्वद्धन तथा बजारीकरणका लागी अन्य परियोजनासँग सहकार्य गरेको** | **५** | | |
| **७.** | **संकलन केन्द्र निर्माणका लागि जग्गा उपलब्धताको सुनिश्चिता** | **१०** | | |
| ७.१ | आफ्नो जग्गा भएमा - १० अंक | | | |
| ७.२ | कम्तिमा पनि आ.व २०७५।७६ देखि १० वर्षका लागि जग्गा भाडामा लिएको -७ अंक | | | |
| ७.३ | निर्माण प्रयोजनका लागि जग्गा लिन सक्ने लिखित प्रतिबद्धता -५ अंक | | | |
| **८.** | **कार्यालय तथा कर्मचारी व्यवस्थापन** | **१०** | | |
| ८.१ | सहकारीको कार्यालय भएको - ५ अंक | | | |
| ८.२ | सहकारीको प्रत्येक कर्मचारी संख्या बराबर १ का दरले बढीमा -५ अंक | | | |
| **९.** | **सहकारीमा लैङ्गिक तथा सामाजिक समावेशीकरण** | **१०** | | |
| **९.१** | **शत प्रतिशत महिला सदस्य भएको सहकारीको हकमा मात्र** | | | |
| ९.१.१ | दलित वा अल्पसंख्यक महिला अध्यक्ष वा सचिव वा कोषाध्यक्ष भएमा- २ अंक | | | |
| ९.१.२ | शत प्रतिशत महिला सदस्य भएको - ६ अंक | | | |
| ९.१.३ | सहकारीमा लेखा समितिको संयोजक दलित वा जनजाति वा अल्पसंख्यक महिला भएमा - १ | | | |
| ९.१.४ | सहकारीमा व्यवस्थापन समितिको संयोजक दलित वा जनजाति वा अल्पसंख्यक महिला भएमा-१ अंक | | | |
| **९.२** | **मिश्रित सहकारीको हकमा मात्र** | | | |
| ९.२.१ | आदिवासी जनजाति वा दलित वा अल्पसंख्यक महिला सहकारीको अध्यक्ष वा सचिव वा कोषाध्यक्ष पदमा रहेमा- २ अंक | | | |
| ९.२.२ | सहकारीमा लेखा समितिको संयोजक महिला भएमा - २ अंक | | | |
| ९.२.३ | सहकारीमा व्यवस्थापन समितिको संयोजक महिला भएमा-२ अंक | | | |
| ९.२.४ | कुल सदस्य मध्ये महिला वा दलित वा जनजातिको संख्या ६० प्रतिशत भन्दा बढि भएमा- ४ अंक | | | |

Government of Nepal
Ministry of Agriculture ... Cooperatives
Cooperative Market Development Programme
Kathmandu

# अनुसूची ४

## सूचना प्रकाशनको ढाँचा

नेपाल सरकार
................पालिकाको कार्यालय
................जिल्ला, प्रदेश नं. ....
प्रारम्भिक सहकारी संस्थाहरुसँग आवेदन आह्वान गरिएको सूचना

यस स्थानीय तहमा आ.व. २०७५/७६ देखि नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको संयुक्तरुपमा सञ्चालित सहकारी बजार विकास कार्यक्रम (Cooperative Market Development Programme, CMDP) लागु भएको छ । यस कार्यक्रमको मूख्य उद्देश्य कृषकहरुलाई प्रारम्भिक सहकारी संस्थामा आबद्ध गराउदै सहकारी संस्थामार्फत कृषकहरुबाट उत्पादित फलफूल तथा तरकारी पकेट क्षेत्र, स्थानीय तह, जिल्ला र केन्द्रीय स्तरमा सञ्चालन हुने सहकारी बजारसम्म पुऱ्याउन आवश्यक प्राविधिक, पूर्वाधार विकास तथा नीतिगत सहयोग प्रदान गर्ने रहेको छ । तसर्थ, यस स्थानीय तह अन्तर्गतको देहायमा उल्लेखित पकेट क्षेत्रमा कार्य क्षेत्र भएका योग्य र यस कार्य क्षेत्रगत शर्त (ToR) अनुसार कार्य गर्न ईच्छुक प्रारम्भिक सहकारी संस्थाहरुलाई तपशील बमोजिमको कागपत्र सहित मिति ................गतेको सूचना देखि ७ दिन भित्र (निवेदन बुझाउने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा लगतै अर्को कार्यालय खोलेको दिन) यस कार्यालयमा आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**१. पकेट क्षेत्रहरु**

| **पाँचखाल नगरपालिका (नमुना मात्र हो )** |
|---|
| तामाघाट (पाँचखाल वडा नं. ४,७) |
| वालुवा (पाँचखाल वडा नं. १०, १२) |
| तीन पिपले (पाँचखाल वडा नं. ६) |
| तीन कुने (पाँचखाल वडा नं. २,३) |

**आवेदन पेश गर्ने सहकारी संस्थाको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :**

**(१) न्युतत्तम योग्यता : कार्यक्रमसँग सहकार्य गर्न प्रारम्भिक सहकारी संस्थाको देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :**

- सम्बन्धित निकायमा सहकारी दर्ता भएको,
- नियमितरुपमा साधारण सभा भएको,

Government of Nepal
Ministry of Agriculture, Land Management and Cooperatives
Cooperative Market Development Programme
Kathmandu

- प्रारम्भिक सहकारी संस्थाको मूख्य कारोबार कृषि वा फलफूल तथा तरकारी उत्पादन र बजारीकरण भएको,
- पछिल्लो आ.व. को आय व्ययको लेखापरिक्षण भएको,
- प्रारम्भिक सहकारी संस्था मुल्य अभिवृद्धि करमा दर्ता भएको वा स्थायी लेखा नम्बर लिएको,
- पछिल्लो आ.व को कर बुझाएको हुनुपर्ने वा कर छुट भएको भए सम्बन्धित कार्यालयको कर छुटसम्बन्धी प्रमाणपत्र भएको,
- प्रचलित ऐन कानुन बमोजिम कालो सूचीमा नपरेको,
- सम्बन्धित फलफूल तथा तरकारी पकेट क्षेत्रका संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रतिबद्धता

**(२) आवेदन साथ देहाय बमोजिमको कागजपत्र पेश गर्नुपर्ने छ :**

- सहकारी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- पछिल्लो आ.व को साधारण सभाको निर्णयको प्रतिलिपि वा १ वर्ष पुरा नभएको प्रारम्भिक सहकारी संस्थाको हकमा प्रारम्भिक साधारण सभाको निर्णयको प्रतिलिपि,
- प्रारम्भिक सहकारी संस्थाको विनियमको प्रतिलिपि,
- पछिल्लो आ.व को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि, र १ वर्ष पुरा नभएको प्रारम्भिक सहकारी संस्थाको हकमा गत महिनाको मासिक वित्तिय प्रतिवेदनका साथै ऋण लिएका सदस्यहरुको विवरण,
- प्रारम्भिक सहकारी संस्था मुल्य अभिवृद्धि करमा दर्ता भएको वा स्थायी लेखा नम्बर लिएको भए सो को प्रमाणपत्र,
- पछिल्लो आ.व को कर बुझाएको रसिद वा कर छुट भएको भए सम्बन्धित कार्यालयको कर छुटसम्बन्धी प्रमाणपत्र,
- प्रारम्भिक सहकारी संस्थामा रहेका कृषक सदस्यहरुको संख्या (लैंगिक तथा समाजिक समावेशी विवरण समेत खुलेको),
- प्रारम्भिक सहकारी संस्थामा रहेका कुल सदस्यको संख्या (लैंगिक तथा समाजिक समावेशी संख्या विवरण खुलेको ),
- सहकारीमा कार्यरत कर्मचारीको विवरण (पद, काम, लैंगिक तथा समाजिक समावेशी विवरण खुलेको),
- विभिन्न समितिको पद सहितको नामावली (संचालक समिति, लेखा सुपरिवेक्षण समिति),
- सञ्चालक समितिको गत आ.व.को सम्पुर्ण बैठक प्रतिलिपि,
- प्रारम्भिक सहकारी संस्थाको व्यावसायीक योजना वा बजार योजना भए त्यसको प्रतिलिपि वा योजनाको सारांश विवरण,
- सदस्य केन्द्रित भई मात्र कारोवार गरेको स्वघोषणा पत्र,

Government of Nepal
Ministry of Agriculture, Land Management and Cooperatives
Cooperative Market Development Programme
Kathmandu

- आर्थिक तथा प्रशासनिक नियमावलीको प्रतिलिपि,
- लेखा सुपरिवेक्षण समिति गठन भएको बैठक निर्णय तथा समितिको प्रतिवेदन प्रतिलिपि,
- सहकारीमार्फत सदस्यहरुलाई कृषि तथा सहकारीको क्षेत्रमा विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको सूचि,
- पूर्वाधार निर्माण (संकलन केन्द्र, सिचाँई, मेशिन औजार, बजार सञ्चालन आदि ) मा प्रारम्भिक सहकारी संस्थाको लागत साझेदारी प्रतिबद्धता पत्र (कम्तिमा ३० प्रतिशत)। यसरी प्रतिवद्धता जनाउदा सबभन्दा बढी साझेदारी जनाउने प्रारम्भिक सहकारी संस्थालाई प्राथमिकता दिइने छ,
- विभिन्न फलफूल तथा तरकारी बजार (कालिमाटी, बालाजु, चितवन, बल्खु, पोखरा वा अन्य कुनै स्थान) मा उत्पादनको बजारीकरण गरेको भए सो बजारसँगको सम्झौता पत्र,
- फलफूल तथा तरकारी प्रवर्द्धन तथा बजारीकरणका लागी अन्य परियोजनासँग सहकार्य गरेका भए सोको सम्झौता पत्र,
- फलफूल तथा तरकारी उत्पादन संकलन केन्द्र निर्माण गर्न सहकारीसँग जग्गा भए लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सो को प्रतिलिपि वा जग्गा भाडामा नलिएको भए कार्यक्रम प्रयोजनका लागि जग्गा भाडामा लिन सक्ने सम्भावनाको प्रतिबद्धता पत्र,
- सम्बन्धित फलफूल तथा तरकारी पकेट क्षेत्रका संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रतिबद्धता पत्र,
- कार्यालय सञ्चालनका लागि सहकारी संस्थासँग भएको श्रोत साधनको सूचि जस्तै कार्यालय कोठा, कम्प्युटर, प्रिन्टर, मोटरसाईकल, आदि ।
- पछिल्लो आ.व को सार्वजनिक परिक्षण वा सामाजिक परिक्षणको प्रतिलिपि,
- सहकारीको कार्यालय खुलेको कागजात

**नोट : माथि उल्लेखित कागजपत्रहरुको आधारमा छनौट समितिले प्रारम्भिक सहकारी संस्थाको मुल्याङ्कन गर्नेछ ।**

## अनुसूची -५

## प्रारम्भिक सहकारी संस्थाको कार्य क्षेत्रगत शर्त (Terms of Reference, TOR)

### सहकारी बजार विकास कार्यक्रमको पृष्ठभूमि

सहकारी बजार विकास कार्यक्रम (CMDP) नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय (MoLMCPA) तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) द्वारा सन् २०१८ फेब्रुअरीबाट शुरु गरिएको कार्यक्रम हो । यो कार्यक्रमको कार्यक्षेत्र हाललाई ललितपुर, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ, चितवन र मकवानपुर जिल्ला रहेको छ । यो कार्यक्रमले फलफूल तथा तरकारी उत्पादक कृषकहरुको आम्दानी वृद्धि तथा जीविकोपार्जनमा सुधार ल्याउन सहकारी बजार प्रणाली विकास गर्ने उद्देश्य लिएको छ। यसले मुख्यतः कृषकहरुलाई प्रारम्भिक सहकारी संस्थामा आबद्ध गराउँदै कृषकहरुबाट उत्पादित फलफूल तथा तरकारी पकेट क्षेत्र, स्थानीय तह, जिल्ला र केन्द्रीय स्तरमा सञ्चालन हुने सहकारी बजारसम्म पुऱ्याउन आवश्यक प्राविधिक, पूर्वाधार विकास तथा नीतिगत सहयोग प्रदान गर्नेछ ।

### कार्यक्रमको अपेक्षित उपलब्धिहरु

- फलफूल तथा तरकारी उत्पादनको प्रभावकारी व्यवस्थापन तथा बजारीकरणका लागि सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।
- फलफूल तथा तरकारीको सहकारी बजार प्रणाली स्थापना भएको हुनेछ ।
- फलफूल तथा तरकारीको सहकारी बजार विकासको सहजीकरणका लागि भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय र अन्य सम्बन्धित सरकारी निकायको नीतिगत तथा संस्थागत क्षमताको विकास भएको हुनेछ ।

### कार्यक्रम लागू भएका जिल्ला, स्थानीय तह तथा पकेट क्षेत्र

ललितपुर, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ, चितवन र मकवानपुर (स्थानीय तह तथा पकेट क्षेत्र विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ । )

### प्रारम्भिक सहकारी संस्थाको भूमिका तथा जिम्मेवारी

सहकारी बजार विकास कार्यक्रमको अपेक्षित उपलब्धि हासिल गर्न प्रारम्भिक सहकारी संस्थाले देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी निर्वाह गर्नुपर्ने छ ।

- CMDP कार्यक्रमले सम्बन्धित पकेट क्षेत्रमा छनौट भएका प्रारम्भिक सहकारी संस्थामा रहेका कृषकहरुको स्तर मापन तथा सदस्य विस्तारको सम्भावना अध्ययन गर्न आधारभुत सर्वेक्षण (Baseline Survey) का लागि आवश्यक सहजीकरण तथा सहयोग गर्नुपर्ने छ ।

Government of Nepal
Ministry of Agriculture, Land Management & Cooperatives
Cooperative Market Development Programme
Kathmandu

# अनुसूची -५

## प्रारम्भिक सहकारी संस्थाको कार्य क्षेत्रगत शर्त (Terms of Reference, TOR)

### सहकारी बजार विकास कार्यक्रमको पृष्ठभूमि

सहकारी बजार विकास कार्यक्रम (CMDP) नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय (MoLMCPA) तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) द्वारा सन् २०१८ फेब्रुअरीबाट शुरु गरिएको कार्यक्रम हो । यो कार्यक्रमको कार्यक्षेत्र हाललाई ललितपुर, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ, चितवन र मकवानपुर जिल्ला रहेको छ । यो कार्यक्रमले फलफूल तथा तरकारी उत्पादक कृषकहरुको आम्दानी वृद्धि तथा जीविकोपार्जनमा सुधार ल्याउन सहकारी बजार प्रणाली विकास गर्ने उद्देश्य लिएको छ । यसले मुख्यत: कृषकहरुलाई प्रारम्भिक सहकारी संस्थामा आबद्ध गराउँदै कृषकहरुबाट उत्पादित फलफूल तथा तरकारी पकेट क्षेत्र, स्थानीय तह, जिल्ला र केन्द्रीय स्तरमा सञ्चालन हुने सहकारी बजारसम्म पुऱ्याउन आवश्यक प्राविधिक, पूर्वाधार विकास तथा नीतिगत सहयोग प्रदान गर्नेछ ।

### कार्यक्रमको अपेक्षित उपलब्धिहरु

- फलफूल तथा तरकारी उत्पादनको प्रभावकारी व्यवस्थापन तथा बजारीकरणका लागि सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।
- फलफूल तथा तरकारीको सहकारी बजार प्रणाली स्थापना भएको हुनेछ ।
- फलफूल तथा तरकारीको सहकारी बजार विकासको सहजीकरणका लागि भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय र अन्य सम्बन्धित सरकारी निकायको नीतिगत तथा संस्थागत क्षमताको विकास भएको हुनेछ ।

### कार्यक्रम लागू भएका जिल्ला, स्थानीय तह तथा पकेट क्षेत्र

ललितपुर, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ, चितवन र मकवानपुर (स्थानीय तह तथा पकेट क्षेत्र विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ । )

### प्रारम्भिक सहकारी संस्थाको भूमिका तथा जिम्मेवारी

सहकारी बजार विकास कार्यक्रमको अपेक्षित उपलब्धि हासिल गर्न प्रारम्भिक सहकारी संस्थाले देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी निर्वाह गर्नुपर्ने छ ।

- CMDP कार्यक्रमले सम्बन्धित पकेट क्षेत्रमा छनौट भएका प्रारम्भिक सहकारी संस्थामा रहेका कृषकहरुको स्तर मापन तथा सदस्य विस्तारको सम्भावना अध्ययन गर्न आधारभुत सर्वेक्षण (Baseline Survey) का लागि आवश्यक सहजीकरण तथा सहयोग गर्नुपर्ने छ ।

- स्थानीय तह, जिल्ला सहकारी संघ, जिल्ला फलफूल तथा तरकारी सहकारी संघ, जिल्ला कृषि सहकारी संघ र अन्य सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरेर सदस्यहरुको फलफूल तथा तरकारीको गुणस्तरीय उत्पादन वृद्धि तथा व्यवसायीकरणका लागि आवश्यक तालिम तथा अन्य प्राविधिक सहयोग गर्नुपर्ने छ।
- प्रारम्भिक सहकारी संस्थाहरुले फलफूल तथा तरकारी उत्पादनसम्बन्धी आँचारसंहिता बनाएर आफ्ना सदस्यहरुलाई कार्यान्वयन गर्ने गराउनुपर्ने छ।
- सदस्यहरुको कृषि उत्पादनमा वृद्धि गर्न आवश्यक पूँजी उपलब्धताका लागि सहजीकरण गर्नुपर्ने छ।
- सदस्यहरुको उत्पादन जोखिम कम गर्न विमा सेवाको लागि आवश्यक सहजीकरण गर्नुपर्ने छ।
- कार्यक्रम अन्तर्गत पकेट क्षेत्रमा फलफूल तथा तरकारी संकलन केन्द्र निर्माणका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउनुका साथै लागत साझेदारी सहित निर्माण कार्य सम्पन्न गर्नुपर्ने छ।
- पकेट क्षेत्रमा नियमानुसार निर्माण गर्न लागेको पूर्वाधार विकासका लागि आवश्यक नक्सा डिजाईन देखि नक्सा पाससम्मका आवश्यक कार्य गर्नुपर्ने छ।
- पकेट क्षेत्रमा संकलन केन्द्र निर्माण हुने क्रममा प्रारम्भिक सहकारी संस्थाले विभिन्न उपसमिति जस्तै निर्माण व्यवस्थापन समिति, लेखा समिति, निर्माण सहजीकरण समिति गठन गरी निर्माण कार्यलाई योजनावद्ध, पारदर्शी तरिकाले तोकिएको समय अवधिमा सम्पन्न गर्नुपर्ने छ। यसरी निर्माण अवधिमा गरिने सम्पुर्ण खर्च नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम गर्नुपर्ने छ।
- प्राविधिकको सल्लाह सुझाव बमोजिम संकलन केन्द्रको नाप-नक्सा र निर्माण मापदण्ड अनुसार कार्य सम्पन्न तथा सुधार गराउनु पर्नेछ।
- कार्यक्रम लागु भएको पकेट क्षेत्रमा रहेका संकलन केन्द्रहरुको स्तरोन्नतिका लागि लागत साझेदारीमा मर्मत सम्भार कार्य गर्नुपर्ने छ।
- निर्माण पश्चात संकलन केन्द्रको सार्वजनिक तथा सामजिक लेखापरिक्षण गर्नुपर्ने छ।
- प्रारम्भिक सहकारी संस्थाहरुले निर्माण गरिएको संकलन केन्द्र तथा अन्य पुर्वाधारहरुको नियमित मर्मत सम्भारका लागि छुट्टै कोष खडा गर्नुपर्ने छ।
- संकलन केन्द्र नियमित सञ्चालनका लागि संकलन केन्द्र सञ्चालनसम्बन्धी निर्देशिका तयार गरी सोही अनुसार गर्नुपर्ने छ। कृषक सदस्यद्धारा उत्पादन हुने फलफूल तथा तरकारीको बजारीकरण र उल्लेखित संकलन केन्द्र सञ्चालनसम्बन्धी निर्देशिका यस कार्यक्रम अन्तर्गत सहकारी बजार प्रणालीसम्बन्धी कार्यविधि अनुरुप हुनुपर्ने छ। निर्देशिका तयारीका लागि कार्यक्रमले सहजीकरण गर्ने छ। उल्लेखित कार्यविधिले प्रारम्भिक सहकारी संस्थाका कृषक सदस्यहरुलाई आफ्नो उत्पादन प्रस्तावित सहकारी बजार प्रणाली मार्फत गर्नका लागि सुनिश्चित गर्नेछ।
- कार्यक्रमको प्रगति विवरण मासिकरुपमा प्रारम्भिक सहकारी संस्थाले तोकिएको ढाँचामा एक-एक प्रति जिल्ला सहकारी संघ र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।
- सदस्यहरुलाई आवश्यक पृष्ठपोषण गर्नुपर्ने छ।

Government of Nepal
Ministry of Agriculture, Land Management and Cooperatives
Cooperative Market Development Programme
Kathmandu

- प्रारम्भिक सहकारी संस्थाले सहकारीसँग सम्बन्धीत नीतिहरुको कार्यान्वयन तथा सहकारी बजार प्रणाली स्थापनासम्बन्धी नीति नियमहरुको निर्माण तथा कार्यान्वयनको लागि स्थानीय तह, प्रदेश, संघीय सरकार लगायत अन्य सरोकारवाला निकायसँग पैरवी गर्नुपर्ने छ ।
- कार्यक्रमसँग नियमित समन्वय तथा सम्पर्कमा रहि कार्य सञ्चालन गर्नुपर्ने छ ।
- प्रारम्भिक सहकारी संस्थाले जिल्ला सहकारी संघ र विषयगत सहकारी संघको सदस्य नरहेको खण्डमा सदस्यता लिन पहल गर्नुपर्ने छ ।
- सदस्यहरुद्धारा उत्पादन तथा बिक्रि गरेको तथ्याङ्क नियमित संकलन तथा अध्यावधिक गरि एक प्रति स्थानीय तह र एक प्रति जिल्ला सहकारी संघलाई पेश गर्नुपर्ने छ ।
- कार्यक्रमले निर्दिष्ट गरेको क्रियाकलाप सञ्चालनलाई आवश्यक सहयोग गर्नुपर्ने छ ।